**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

यो विज्ञापन LT No. 290724 मितिः २०८०/०४/२५ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०
**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **DEFAF DIJLA TRADING COMPANY**
पूर्व स्वीकृति मिति २०८०/०४/०५ LT. No.290655 चलानी नं. ६०२०५९२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 2000 | ७०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ISHBILIA COMPANY FOR GENERAL CLEANING SERVICES AND INDUSTRIAL CLEANING**
पूर्व स्वीकृति मिति २०८०/०४/२३ LT. No.290657 चलानी नं. ६०२०५९३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 100 | ४२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १ गते (18th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत न .७९७/०६५/०६६
**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TOUQ AL YASMEEN BLDG CLEANING SERVICES**
पुर्व स्वीकृति मिति २०८०/०४/२५ LT No.290604 चलानी नं. ६०२०५९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 1 | 6 | 1300 | ४६,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Entry | 1 | 0 | 1800 | ६४,९८० | | | | | | | |
| 3 | Hotel Cleaner | 0 | 2 | 1300 | ४६,९३० | | | | | | | |
| 4 | House Cleaner | 0 | 1 | 1300 | ४६,९३० | | | | | | | |
| 5 | Office Cleaner | 0 | 3 | 1300 | ४६,९३० | | | | | | | |
| 6 | Office Employee | 1 | 0 | 1800 | ६४,९८० | | | | | | | |
| 7 | Public Relation Officer | 4 | 0 | 1800 | ६४,९८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १ गते (18th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL MUJTAHIDUN FOR TRADING**
पूर्व स्वीकृति मिति २०८०/०१/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२५ LT. No. 284977 चलानी नं. ६०२००३६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 40 | 0 | 1000 | ३६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १ गते (18th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम इजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: **SAFARI COMPANY**
पूर्व स्वीकृति मिति २०८०/०२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२५ LT. No.287396 चलानी नं. ६०२०२७००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 42 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **ABID ALI AL HABASHI CONTRACTING COMPANY**
पूर्व स्वीकृति मिति २०८०/०२/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२५ LT. No.287395 चलानी नं. ६०२०२७२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 7 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १ गते (18th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CITIZEN CONTRACTING CLEANING AND SERVICES**
पूर्व स्वीकृति मिति २०८०/०२/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२५ LT. No. 287123 चलानी नं. ६०२०२५१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 4500 | १६१,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 5 | 0 | 2700 | ९६,६६० | | | | | | | |
| 3 | Data Entry | 12 | 0 | 2700 | ९६,६६० | | | | | | | |
| 4 | Driver | 5 | 0 | 2200 | ७८,७६० | | | | | | | |
| 5 | Foreman | 7 | 0 | 2500 | ८९,५०० | | | | | | | |
| 6 | General Clean Worker | 1 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 7 | Guard | 1 | 0 | 1800 | ६४,४४० | | | | | | | |
| 8 | Labour | 30 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 9 | Marketing Representative | 0 | 1 | 4000 | १४३,२०५ | | | | | | | |
| 10 | Receptionist | 1 | 2 | 1700 | ६०,८६० | | | | | | | |
| 11 | Representative | 2 | 0 | 2500 | ८९,५०० | | | | | | | |
| 12 | Supervisior | 8 | 0 | 2500 | ८९,५०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १ गते (18th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५
**JALAJALA RECRUITMENT PVT.LTD**
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TOYO SHO INDUSTRIAL PRODUCTS SDN. BHD.**
पूर्व स्वीकृति मिति २०७९/०७/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२५ LT. No. 274917 चलानी नं. ६०१९०५८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १ गते (18th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
**(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)**
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com
Govt. License 776/065/066



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PERUSAHAAN MAKANAN DWI MAKMUR SDN BHD**
पुर्व स्वीकृति मिति २०७९/०९/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२५ LT. No 278855 चलानी नं. ६०१९४४६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १ गते (18th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ‘स्टन्ट’ बन्द गर बालेन

काठमाडौं महानगरका मेयर बालेन्द्र साह ‘बालेन’ साह एकपछि अर्को ‘स्टिङ’ले चर्चामा छन् । बनाउने हैन भत्काउनेको कोही पर्याय खोज्ने हो भने बालेन नै पहिलो उदाहरण हुन थालेको छ । टुकुचा प्रकरणदेखि समाखुसी प्रकरणसम्म बालेनको यही शैली झल्किन्छ । हो, बालेनमा जोस छ । युवाको साथमात्र हैन केही गर्छु भन्ने खुबी छ । तर, शासन चलाउन यतिमात्र भएर पुग्दैन । यसका लागि विवेक चाहिन्छ । बालेनले धेरैजसो घटनामा विवेक प्रयोग गर्दैनन् भन्ने खुल्दै गएको छ ।

यसको पछिल्लो उदाहरण हो सामाखुसी घटना । साउन ७ गते सामाखुसी खोलामा खसेर १३ वर्षीय बालक बेपत्ता भए । साउन १८ गते ती बालक दक्षिणकाली बागमती किनारमा मृत अवस्थामा भेटिए । त्यसपछि घटनाको कारण भनियो त्यसक्षेत्रमा नदीमाथि राखिएको स्ल्याब । हुन पनि स्ल्याब नभएको भए बालकलाई बचाउन सकिन्थ्यो भन्ने साझा निचोडमा पुगे त्यहाँका स्थानीय । बालेनकोमा त्यो रिपोर्ट पुग्यो । बालेन डोजर लिएर अघि बढ्यो त्यहाँको स्ल्याब भत्काउन । नदी ह्वांगै पारियो । ‘भऱ्याङबाट लडेपछि घर भत्काइदिए’ भनेझैं महानगरले त्यहाँ कुनै विकल्प नदिई दादागिरी अपनायो । जसले गर्दा अहिले उक्त कार्य विवादमा तानिएको छ ।

डोजर लिएर भत्काउन सिपालु काठमाडौं महानगर बिहीबार कपन पुग्यो, खोलामाथिको संरचना भत्काउन । प्रहरीको जत्था लिएर गएका महानगरका अधिकारीहरूलाई बूढानीलकण्ठ–१० का वडाध्यक्ष नवराज भट्टराईले रोकेर पठाइदिए । छलफल नै नगरी सिमानामा पर्ने सडकपेटी उठाउन आइपुगेको र आफूलाई हातपात गर्न खोजेको भन्दै नवराजले महानगर प्रहरी प्रमुख राजु पाण्डेमाथि रोष पोखे । त्यहाँ केही समय दोहोरो नाराबाजी नै चल्यो । भट्टराईले यो प्रकरणमा बालेनले झूठो बोलेको आरोपसमेत लगाएका छन् । बूढानीलकण्ठका मेयर मिठाराम अधिकारीसँग समन्वय गरेर डोजर चलाएको बालेनका दाबी थियो । यस्तो थाहा पाएपछि अधिकारी राष्ट्रिय सभागृह नै पुगेर बालेनसँग समन्वय नै नगरी डोजर चलाएको भन्दै आक्रोश पोखेका थिए । त्यसपछि भने डोजर कपनबाट फर्कियो ।

यसरी एकपछि अर्को स्टन्ट र स्टिङ गर्नु क्षणिकका लागि ठीक होला । तर कानुनसम्मत र छलफलबाट अघि बढ्नु जायज विषय हो । मुढेबलको भरमा काम देखाएर वाहवाही कमाउन खोज्नु केहीबेर तालीमात्र हो । अन्तिममा गाली खानुभन्दा विवेक पुऱ्याएर काम गरौं । स्टन्ट बन्द गरौं ।

## मननयोग्य

### चाणक्य नीति

रातो पहिरनमा सजिएका कम उमेरका युवतीने राजदरवारको व्यवस्था गरिरहेका चाणक्यले देखे पातलो बस्त्र पहिरन र तिनका चञ्चल यौवनले राजमहलमा बसेका व्यक्ति र आउने जानेलाई आकर्षित पारिरहेका थिए । केही समयपछि मुख्य प्रहरीले घोषणा गऱ्यो-मगधका शक्तिशाली महाविद्वान्, महामात्य राक्षस आउँदैछन् । राक्षसको प्रवेश, आयुको प्रभाव उसमा थिएन । अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिंडाइ । सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे ।

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिइ अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरिएकी मोहिनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनसाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो-पूर्णिमाका चद्रमाजस्तै चम्किने, मुखमण्डल, मदिराले लट्ठ भएजस्ता दुई आाखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयम् प्रस्तुत गरिरहेकी छन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए ।

चिल्लो भुइँमा ती सुन्दरी माछा जस्तै उफ्रीकी नाचिरहेकी छन् । उनको शरीरमा छैन भन्ने भान परेको छ । धेरै नाचिक थाकेकी ती सुन्दरीले राजालाई ढोगिन । नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट बिउझेजस्तै (जागेजस्तै) दोगिन । नन्दले असफल भरिएका थैली नर्तकीतिर क्योंक । यसका सँगसँगै त्यस दरबारमा बसेका सबैले रूपैयाँका भेटी चढाए रूपैया नै रूपैयाको बिस्कुन त्यो ठाउँ देखियो ।

यी सब देखी चाणक्यको को उनको मुखमा प्रकट भइरहेथ्यो। सोच्दै थिए कि के यो मदान्ध राजाका हातमा मगध राज्य सुरक्षित छ ? यदि सिकन्दरले यस राज्यमा लडाई गरेका भए त्यो आँधी रोक्न सक्ने क्षमता थियो र नन्दमा ? क्रमशः

# राष्ट्रवादी शक्तिहरू जुटनुपर्ने समय



▶▶ निरञ्जन थापा

देशमा विद्यमान समस्याहरु बेरोजगारी, महँगी, भ्रष्टाचार, बेथिति, विसंगतिको अन्त्य यो व्यवस्थाबाट हुने देखिँदैन । जनताले आशा गरेका कुराहरु मौलिक हक अधिकार, स्वास्थ्य, शिक्षाजस्ता कुराहरु पनि केवल नारामा मात्र सीमित देखियो । केही वैकल्पिक शक्ति भन्नेहरु पनि देखियो । तर वास्तवमा उनीहरु पनि देशको यही अवस्थामा रहे जनता र देशको अवस्था बदल्न नसक्ने छाँटकाट देखिएन । यसर्थ, यदि साँच्चै नेपालको अवस्था बदल्ने हो भने, देश र जनताको उन्नति गर्ने हो भने, हामी सबैले माटो सुहाउँदो लोकतान्त्रिक विधि, पद्धतिहरु अँगाल्नुपर्छ ।

यतिबेला मुलुक विकराल अवस्थामा छ । दिनदिनै जसो विभिन्न काण्डहरू उजागार हुँदै छन् । देशका मसिया भनिएका नेता र तिनका कार्यकर्ताहरू भ्रष्टाचार, बेथिति, विसंगतितिर उन्मुख हुँदै छन् । यी घटनाक्रमहरूले मुलुकलाई गम्भीर दुर्घटनातिर लैजाने संकेत देखिँदै छ । यसकारण अब यो व्यवस्थाले देश र जनताको हित हुन सक्दैन । यी घटनाक्रमहरूले पनि यस्तै देखाइरहेका छन् ।

ललिता निवास प्रकरण मलाई लाग्छ यो गणतन्त्रले नेपाली जनतालाई दिएको एउटा उपहार हो । देशलाई सिंगापुर, स्वीट्जरल्याण्ड बनाउँछु भन्ने दल र तिनका नेताहरूले आज हाम्रो नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर देशकै अन्तर्राष्ट्रिय रूपमा बेइजत गरिरहेका छन् । भूमिहीनलाई जग्गा दिलाउँछु भन्ने गणतन्त्रका ठेकेदारहरूले आफ्नो व्यक्तिगत स्वार्थका लागि ललिता निवासजस्ता काण्डहरू घटाइरहेका छन् । देशका निवर्तमान प्रधानमन्त्री, गृहमन्त्रीजस्ता जनताले विश्वास गरेका पात्रहरू नै यस्ता काण्डका योजनाकार रहेको देखिन आएको हुँदा जनता र देशले निकास पाउनेभन्दा पनि राजनीतिक दल र तिनका नेताहरूको स्वार्थपूर्तिका निम्ति यो व्यवस्था आएको पुष्टि हुन्छ । तसर्थ, ललिता निवास र नक्कली भुटानी शरणार्थी प्रकरणलाई अब जनताले गम्भीरतापूर्वक लिनुपर्छ । र, हामी सबै जागृत भएर यो व्यवस्थाविरुद्ध आन्दोलन गर्नुको विकल्प देखिँदैन ।

अनेकौं काण्डहरूकाबीच अहिले सुन काण्डमा पनि विभिन्न दलका नेताहरूको नाम मुछिएका छन् । कुनै सामान्य व्यक्तिले गर्न सक्ने सुन काण्ड होइन । सामान्य व्यक्तिले अर्बौंको सुन ल्याउनै सक्दैनन् । तसर्थ, यो सुन काण्डमा पनि राजनीतिक दलकै नेता प्रमुख जिम्मेवार देखिएका छन् । यो सुन काण्डको पनि गम्भीररूपमा छानविन गर्नुपर्छ । पहिलेजस्तै सुनकाण्डलाई अहिले पनि सामसुम पार्नु हुन्न । हालै प्रधानमन्त्रीले पनि विभिन्न मिडियामार्फत छानविन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । गृहमन्त्रीले पनि प्रतिबद्धता जनाएका छन् । प्रधानमन्त्री र गृहमन्त्रीले आफ्नै पार्टीका नेता कार्यकर्ता भए पनि उनीहरूलाई कारबाही गरेर देखाउन सक्नुपर्छ ।

राप्रपा यतिबेला नवीन राप्रपा अभियान लिएर अघि बढिरहेको छ । जसअनुसार हामीले नयाँ युवा पुस्तालाई पार्टीमा जोड्ने, भित्र्याउने, ३३ प्रतिशत महिलालाई पार्टीका तल्ला निकायदेखि नै सक्रिय बनाउने, संगठन गठन, पुनःगठन गर्ने, साथै, हाम्रा एजेण्डाहरू सनातन हिन्दूराज्य, राजसंस्था, भ्रष्टाचारविरोधी कार्यक्रमहरू लिएर जनतामा जाने र जनतालाई जागृत गर्दै यो व्यवस्था विरोधी आन्दोलन गर्ने मार्गमा अघि बढिरहेको छ राप्रपा । राप्रपाको एजेण्डाका महत्त्व, यसको भूमिकाहरू वडा तहका कार्यकर्ता, जिल्ला क्षेत्र, नगरका नेतृत्वहरूलाई प्रतिक्षित गर्दै आमजनतामा स्थापित हुने मार्गमा राप्रपा अघि बढिरहेको छ । प्रमुख दलका विगतका मार्गचित्र गलत छ, यही अवस्थामा, यही व्यवस्थामा रहिरहने हो भने देशको उन्नति, प्रगति हुनेभन्दा पनि देश गम्भीर दुर्घटनातिर लम्किनेछ ।

नेपालमा विभिन्न राजनीतिक दल छन् । कसैले माओ मान्छन्, कसैले स्टालिन मान्छन, कसैले गान्धी, मण्डेला मान्छन् तर राप्रपा मात्र यस्तो राष्ट्रवादी पार्टी हो, जसले राष्ट्र निर्माता पृथ्वीनारायण शाहलाई आफ्नो आदर्श मानेर देश र जनताको हित गर्नुपर्छ भनेर लागिरहेको छ । राप्रपाले जनतालाई यही र यस्ता कुरा बुझाउन ‘नवीन राप्रपा’ अभियान सञ्चालन गरिरहेको हो ।

त्यसो त विश्वमा धेरै देशहरूमा अहिले पनि राजसंस्था छ । ती देशहरूले उन्नति प्रगति गरिरहेका छन् । बेलायतमा महारानीको स्वर्गवास हुँदा हाम्रो देशका नेताहरू लाइन लागेर समवेदना व्यक्त गर्न जान्छन् तर आफ्नै देशमा रहेको राजसंस्थालाई अन्त्य गऱ्यौं भनेर गर्व गर्छन् । विश्वमा रहेका राजसंस्था मान्नेहरूलाई पनि हामीले गिज्याइरहेका छौं । आयातीत तन्त्र र वादको नाममा राजसंस्थालाई पाखा लगाएर, विदेशी प्रायोजनमा नेपालका गणतान्त्रिक नेताहरू रमाइरहेका छन् । जनतालाई धोका दिएर, भ्रमको खेती गरेर आज आफैं राजा बनेर आमजनतामाथि शासन गरिरहेका छन् ।

अहिले हाम्रो देशमा राजसंस्थाको महत्त्व पनि आमजनताले महसुस गरिरहेका छन् । वास्तवमा नेपालको राजसंस्था विकासको बाधक होइन रहेछ र जनताको सुख दुःखको साथी रहेछ भन्ने कुरा जनताले बोध गरेकै कारण पूर्वराजा ज्ञानेन्द्रले आफ्नो सक्रियता बढाइरहेका छन् । राजसंस्था भनेको राष्ट्रिय एकताको प्रतीक हो । पूर्व मेचीदेखि पश्चिम महाकालीका जनतालाई महसुस भएको कुराको दायित्वबोध गरी उनी सक्रिय भएर जनतामाझ गएका छन् । कतिपय दल र तिनका नेता कार्यकर्ताले पूर्वराजा सक्रिय भएकोमा खुसी व्यक्त गरिरहेका छन् ।

पूर्वराजा सक्रिय हुनेबित्तिकै विदेशी आयातीत तन्त्र र वाद मान्ने र विदेशी प्रायोजित मान्छेहरू रिसाउनु स्वाभाविकै हो । हिजो २०६२/६३ मा जुन प्रतिबद्धता गरेर आन्दोलन गरिएको थियो, सो अनुरूप राजनीतिक दलहरूले प्रतिबद्धता पूरा नगरेपछि केवल राजसंस्थालाई आरोप-प्रत्यारोप गरेर सत्ताको फोहोरी खेलमा लागेपछि स्वयं स्वःस्फूर्त आमजनताले पूर्वराजाको सक्रियता चाहेका हुन् । पूर्वराजाका यस्ता गतिविधिबाट जनतासँग प्रत्यक्ष भेटघाटबाट भोलि यो व्यवस्था ढल्न सक्ने, आफ्ना दलको नेताहरूको स्वार्थपूर्ति नहुने भएकाले त्यस्ता राजनीतिक दल र नेताहरूले असन्तुष्टि जनाएका हुन् । पूर्वराजा नागरिक भएर आफ्नो देश घुम्न पाउनु र जनतासँग प्रत्यक्ष संलग्न भएर हिँड्नु उनको पनि संवैधानिक अधिकार हो । यो अधिकारलाई कुनै व्यवस्था, राजनीतिक दल वा नेताहरूले अंकुश लगाउनु भोलि उनीहरूकै लागि दुर्भाग्य हुनेछ ।

महँगी, कालोबजारी, भ्रष्टाचार, तस्करीजस्ता विकृतिहरू विगतमाभन्दा अहिले हाम्रो देशमा मौलाउँदै गएको छ । देशमा विधिको शासन स्थापना गर्न, कालोबजारी, महँगी नियन्त्रण गर्न, सरकार, राजनीतिक पार्टी र तिनका नेता कार्यकर्ताहरूले यो विषयलाई महत्त्व दिएको पाइँदैन । आमजनताले दैनिक जीवनयापन गर्न निकै कष्ट भोग्नु परिरहेको छ । जनताको हक अधिकारका लागि लड्नेभन्दा पनि अनेकौं काण्ड बाहिरिँदा दलहरू मिलेर आफ्ना मान्छेलाई कसरी बचाउने भन्ने बैठक बस्छन् तर महँगी, कालोबजारी र भ्रष्टाचार कसरी नियन्त्रण गर्ने, आमजनतालाई कसरी सहज र सुलभ दैनिक जीवनयापन गर्न सजिलो बनाउने भन्ने उनीहरू कल्पनासमेत गर्दैनन् । नेपालको तरकारी, फलफूल, खाद्यन्न र अन्य औद्योगिक सामग्री उत्पादन गरेर सर्वसुलभ ढंगबाट जनतामा लानेभन्दा पनि कमिसन खाएर विचौलियामार्फत देशमा आयातीत सामग्रीहरू ल्याउने कारणले गर्दा पनि महँगी नियन्त्रण नभएको देखिन्छ ।

देशमा विद्यमान समस्याहरू बेरोजगारी, महँगी, भ्रष्टाचार, बेथिति, विसंगतिको अन्त्य यो व्यवस्थाबाट हुने देखिँदैन । जनताले आशा गरेका कुराहरू मौलिक हक अधिकार, स्वास्थ्य, शिक्षाजस्ता कुराहरू पनि केवल नारामा मात्र सीमित देखियो । केही वैकल्पिक शक्ति भन्नेहरू पनि देखियो । तर वास्तवमा उनीहरू पनि देशको यही अवस्थामा रहे जनता र देशको अवस्था बदल्न नसक्ने छाँटकाट देखिएन । यसर्थ, यदि साँच्चै नेपालको अवस्था बदल्ने हो भने, देश र जनताको उन्नति गर्ने हो भने, हामी सबैले माटो सुहाउँदो लोकतान्त्रिक विधि, पद्धतिहरू अँगाल्नुपर्छ ।

राष्ट्र निर्माता पृथ्वीनारायण शाहलाई आदर्श मानेर सनातन हिन्दू राज्यलाई पुनःस्थापना गर्दै राजसंस्थाको पनि पुनःस्थापना गर्दै हाम्रो पुर्खाको वीरता र भावी सन्ततिको भविष्यलाई हामीले सुनिश्चित गर्नुपर्छ । नेपालको शक्तिको स्रोत भनेका नै आमजनता हुन् । यही आमजनतालाई जागृत गरेर राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आफ्नो एजेण्डा जनतामा स्थापित गर्नुपर्छ ।

# निर्माण सामग्रीमा हरित क्रान्ति कहिले ?



▶▶ कृष्णभक्त दुवाल

हामीले निर्माण सामग्रीको उचित छनोट गर्न सकेनौं भने भोलिको वातावरण विनासको भयावह अवस्थाबाट जोगिन सक्दैनौ । त्यसकारण वातावरणलाई नकारात्मक प्रभाव नपारी अब बन्ने संरचनामा निर्माण सामग्री इको प्यानल (आधुनिक निर्माण सामग्री) को प्रयोग गर्नु नै आजको आवश्यकता हो, जसले वातावरण मात्रै जोगाउँदैन, हरित सहरको रूप दिन सहयोग गर्दछ ।

निर्माणसँग प्रत्यक्ष जोडिन्छ निर्माण सामग्री । निर्माण सामग्रीसँगै अर्को जोडिने गम्भीर विषयवस्तु हो गुणस्तरीय निर्माण । जति राम्रो निर्माण सामग्री छनोट गर्न सकियो, त्यति नै बलियो घर निर्माण हुन्छ । घर निर्माण गर्दा सिमेन्ट, गिट्टी-रोडा, बालुवा, ढुंगा, इँटा, काठ, कलरलगायत निर्माण सामग्रीको छनोटमा चतुरता देखाउन सक्नुपर्छ । अन्यथा जीवनभर मिहेनत गरेर कमाएको पैसाले निर्माण गरेको घर सोचेजस्तो नबन्न सक्छ । भूकम्पप्रतिरोधी बलियो घर बनाउन पनि गुणस्तरीय निर्माण सामग्रीको जरुरत पर्छ ।

जीवनमा घर पटक-पटक बनाउन सकिँदैन । एउटै घर बनाउन पनि ठूलो संघर्ष गर्नुपर्छ । किनभने, जग्गा किन्दै मोटो रकम खर्च भइसकेको हुन्छ । त्यसमाथि घर बनाउँदा बैंकबाट ऋण लिनुपर्ने अवस्था आइसक्छ । अब सहरी क्षेत्रमा सामान्य आम्दानीले घर बनाउन सम्भव छैन । एउटा घर बनाउन करोडौं लगानी लाग्छ र त्यो पैसा जम्मा गर्न जीवनभर लाग्छ । जीवनभरको कमाइ खन्याएर बनाएको घर राम्रो र बलियो होस् भन्ने चाहना सबैको हुने गर्छ । घर राम्रो र बलियो बनाउन सही निर्माण सामग्री छान्नुपर्छ ।

**ढुंगा**

यो पुरानो निर्माण सामग्री हो । गाउँघरमा अहिलेसम्म पनि ढुंगा माटोको घर देख्न सकिन्छ । निर्माण सामग्रीको ढुवानीको समस्यालगायतका अनेक जटिलताले अहिले पनि कति ठाउँमा ढुंगा माटोकै घर बनाएको देख्न सक्छौं ।

**इँटा**

इँटा पनि अर्को महत्त्वपूर्ण निर्माण सामग्री हो । घरमा वाल लगाउन, कम्पाउण्ड लगाउन, पार्टेसन गर्नका लागि इँटा प्रयोग गरिन्छ । अचेल बन्ने आरसिसी घरमा घरको भार वहन गर्ने भनेको पिलर र बिमले हो । इँटाको काम भनेको पार्टेसन गर्ने र कोठा छुट्याउने मात्र हो ।

**सिमेन्ट**

घर निर्माणको प्रमुख सामग्रीमा सिमेन्ट पर्छ । बालुवा, गिट्टी र रडलाई बलिसोसँग जोडेर राख्ने काम सिमेन्टको हो । अहिले बजारमा दर्जनौं ब्राण्डका सिमेन्ट पाइन्छन् । सबै सिमेन्ट गुणस्तरीय नहुन सक्छन् । हामीले कुन ब्राण्डको सिमेन्ट राम्रो छ भनेर विज्ञसँग जानकारी लिनुपर्ने हुन्छ । किनभने, आँखाले हेरेर सिमेन्टको गुणस्तर पहिचान नहुन सक्छ ।

**बालुवा**

बालुवा निर्माणमा चाहिने अर्को महत्त्वपूर्ण सामग्री हो । कंक्रिट, वाल जोडाइ र प्लास्टरको काममा सिमेन्टमा मिसाउन बालुवा अनिवार्य चाहिन्छ । सिमेन्टमा कति अनुपातमा बालुवा राख्ने भन्ने कुराले कंक्रिट घोल र मसलाको स्ट्रेन्थ तय गर्छ । बलियो मसला चाहिएको बेला थोरै बालुवा राख्नुपर्ने हुन्छ ।

बालुवा कस्तो राम्रो भन्ने कुरा निर्धारण गर्न गाह्रो छ । साधारण शब्दमा भन्नुपर्दा माटो नभएको बालुवा राम्रो हो । माटो नमिसिएको बालुवा, डबल वास बालुवा किन्नुपर्छ । हामीले एक मुट्ठी बालुवा हातमा लिएर कसेर मुट्ठी च्यापेर बालुवा छोड्यो भने गुणस्तर पहिचान गर्न सक्छौं । यदि मुट्ठी फुकाउँदा हातमा माटो लाग्यो वा बालुवाको डल्ला बन्यो भने त्यसमा माटो मिसिएको छ भन्ने निष्कर्षमा पुग्नुपर्छ । तर, मुट्ठी च्यापेर फुकाउँदा बालुवा पनि फरर फुक्यो भने त्यसमा माटो मिसिकएको छैन भन्ने हुन्छ ।

**गिट्टी**

राम्रो गिट्टीका केही विशेषताहरू हुन्छन् । ती विशेषताहरू पहिचान गरेर रोडा किन्न सकेमा राम्रो गुणस्तरको पर्छन् । रोडामा धर्सा भएको, लेप लगाइएको, धुला कणहरू भएको र अन्य हानिकारक पदार्थको मिश्रण हुन हुँदैन । घरको स्ट्रक्चरल पार्टस् (घरको भार वहन गर्ने भाग), जस्तो कि फाउण्डेसन, पिलर, बिम र स्ल्याबमा प्रयोग गर्ने रोडा जहिले २५ एमएमभन्दा सानो साइजको प्रयोग गर्नुपर्छ । कसैकसैले ठूलो रोडा हाल्यो भने पो घर बलियो हुन्छ भनेर ठूलठूला रोडा प्रयोग गर्ने गरेको पनि देखिन्छ, जुन गलत हो ।

**काठ**

काठको प्रयोग झ्याल र ढोकामा हुन्छ । काठ महँगो पनि हुने भएकाले झ्यालमा कमैले मात्र काठको प्रयोग गर्छन् । तर, झ्याल ढोकाको चौकोस काठकै बनाइन्छ । अरुमा चाहिँ रेडिमेड युपिभिसी, आल्मुनियमको प्रयोग गर्ने चलन बढ्दो छ ।

रेलिङ बनाउन, किचेन र दराज पनि काठमा विभिन्न अवतार प्रयोग हुन्छ । चौकोस बनाउन सालको काठ बलियो मानिन्छ । तर, सामान्यतया नेपाली सालको काठ सिसोनिङ नगरेको हुनाले राम्रोसँग सुक्न नपाएको हुँदा पछि पसांगिने समस्या आउन सक्छ । झ्यालको सन्दर्भमा भने बजेटअनुसार सल्लो र सिसौ प्रयोग गर्ने चलन छ । जुनसुकै काठ प्रयोग गरे पनि सकेसम्म सिसनिङ गरेको वा राम्रोसँग सुकेको काठमात्र प्रयोग गर्नुपर्छ । र, काठमा किरा नलागेको, धमिराले नखाएको र नकुइएको हुनुपर्छ । बांगो अथवा गाँठो परेको काठमा फुट्ने समस्या आउनसक्छ । किचेन र दराज बनाउन प्लाई प्रयोग हुन्छ । सकेसम्म राम्रो गुणस्तरको वाटर प्रुफ प्लाइ प्रयोग गर्दा लामो समयसम्म टिक्छ ।

**रड/डण्डी**

डण्डीको प्रयोग हुने लचकताका लागि हो । भूकम्पप्रतिरोधी घर बनाउनका लागि सही मात्रामा सही ठाउँमा डण्डी हाल्न अति आवश्यक हुन्छ । राम्रो डण्डी छान्ने तरिका ल्याबमा लगेर डण्डी परीक्षण गर्नु नै हो । तर, साइटमा पनि डण्डीको गुणस्तर केही हदसम्म परीक्षण गर्न सकिन्छ ।

डण्डीलाई १८० डिग्रीसम्म बंग्याउँदा पनि बांगिएको ठाउँमा डण्डीमा कुनै क्र्याक आउनु हुँदैन । यदि क्र्याक देखियो र डण्डी फुट्यो भने त्यो कमसल भनेर बुझ्नुपर्छ । सरकारले पनि डण्डीमा गुणस्तर मापन गरेर एनएस चिह्न दिएको हुन्छ, हामीले डण्डी किन्दा एनएस चिह्न हेरेर मात्र किन्नुपर्छ ।

**अन्त्यमा**

घर बनाउँदा मूख्यतः चाहिने डण्डी, सिमेन्ट, बालुवा, गिट्टी, इँटा, ढुंगा, इको प्यानल (आधुनिक निर्माण सामग्री) लगायत हुन् । त्योबाहेक काठ, रङ, टायल, मार्बल, बाथरुमका सामानहरू, धारा बत्तीका सामानहरू धेरै चाहिन्छन् । यी सबै सामानको आफ्नै महत्त्व हुन्छ ।

फिनिसिङमा प्रयोग हुने पेन्ट, मार्बल, धारा बत्तीभन्दा पनि घरको संरचनामा प्रयोग हुने सामग्री छनोटमा बढी ध्यान दिनुपर्छ । किनभने, अरु सामान आफूलाई मन परेन भने तुरुन्तै परिवर्तन गर्न सकिन्छ । तर, घरको पिलर वा बिम, झ्यालढोका परिवर्तन गर्छु भनेर सम्भव हुँदैन ।

**अबको बाटो**

भौतिक निर्माणमा अब ‘गो ग्रीन’ (वातावरणमैत्री निर्माण) लाई विशेष ध्यान दिनुपर्नेमा एकथरिका विज्ञहरू आवाज बुलन्द गर्दै छन् । काठमाडौंलाई बसोबासयोग्य सहर बनाउने अभियानमा उनीहरू जुटिरहेका छन् ।

काठमाडौं उपत्यकामा बढ्दो जनसंख्या तथा अनियन्त्रित विकास निर्माणले सहर नै अस्तव्यस्त बनेकोमा चिन्ता व्यक्त गर्दै उनीहरू काठमाडौंलाई बसोबासयोग्य सहर बनाउने अभियानको थालनीमा छन् ।

वास्तवमा यी सबैभित्र चुनौतीको पहाड छ । यी चुनौतीहरूका बीचमा पनि हामीले निर्माण सामग्रीको उचित छनोट गर्न सकेनौं भने भोलिको वातावरण विनासको भयावह अवस्थाबाट जोगिन सक्दैनौ । त्यसकारण वातावरणलाई नकारात्मक प्रभाव नपारी अब बन्ने संरचनामा निर्माण सामग्री इको प्यानल (आधुनिक निर्माण सामग्री) को प्रयोग गर्नु नै आजको आवश्यकता हो, जसले वातावरण मात्रै जोगाउँदैन, हरित सहरको रूप दिन सहयोग गर्दछ ।

*(लेखक इञ्जिनियर एवं निर्माण सामग्रीमा हरित क्रान्तिका अभियन्ता हुन्)*

# टल्कने ढुंगा 'क्वार्ज क्रिस्टल' भएको पुष्टि

**गोरखा–** गोरखा नगरपालिका-७, सतिपिपलबाट बरामद गरी विशेष सुरक्षाका साथ जिल्ला प्रहरी कार्यालयमा राखिएको टल्कने ढुंगा 'क्वार्ज क्रिस्टल' भएको खानी तथा भूगर्भ विभागले पुष्टि गरेको छ।

विभागबाट गोरखा आएको भूगर्भविद्को टोलीले दुई दिन लगाएर गरेको परीक्षणबाट उक्त टल्कने ढुंगा 'क्वार्ज क्रिस्टल' नै भएको पुष्टि गरेको हो। ढुंगाको परीक्षण गरी विभागको टोलीले जिल्ला प्रशासन कार्यालय गोरखालाई परीक्षण प्रतिवेदन बुझाएको भूगर्भविद् डा. सुस्मिता भण्डारीले जानकारी दिइन्।

'परीक्षणबाट उक्त ढुंगा महत्त्वपूर्ण र बहुमूल्य रत्नपत्थर (क्वार्ज क्रिस्टल) भएको पाइयो,' उनले भनिन्, 'संसारभरका धातुलाई कडापनका आधारमा १० भागमा वर्गीकरण गरिन्छ, सोही आधारमा बरामद गरिएको ढुंगा सातौं नम्बरमा पर्छ।'

भूगर्भविद्को टोलीले टल्कने ढुंगाको नापतौल लिनुका साथै अन्य विभिन्न प्राविधिक पक्षबारे पनि परीक्षण गरेको भूगर्भविद् डा. भण्डारीले जानकारी दिइन्। कडापनका आधारमा हीरा १०औं नम्बरमा पर्ने उनको भनाइ छ। टोलीले गरेको परीक्षणका क्रममा उक्त ढुंगाको तौल ५२ किलो ३३० ग्राम रहेको पाइएको छ। यति ठूलो तौलको भएको एउटै चट्टानका भेट्टाउनसमेत गाह्रो पर्ने भूगर्भविद् डा. भण्डारीले जानकारी दिइन्।

'क्वार्ज क्रिस्टल' मुख्यरूपमा सजावटका सामग्री तथा गरगहना बनाउन प्रयोग हुने गरेको भूगर्भविद् डा. भण्डारीको भनाइ छ। त्यस्तै रेडियो ट्रान्समिटर, कम्प्युटर, घडीलगायतका अन्य विद्युतीय उपकरणमा पनि क्वार्ज क्रिस्टलको आंशिकरूपमा प्रयोग हुने उनले जानकारी दिइन्।

टल्कने ढुंगाको परीक्षण सम्पन्न गरेपछि विभागको टोलीले बुधबार जिल्ला प्रशासन कार्यालयमा गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर राना, प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल र प्रहरी उपरीक्षक (एसपी) अनुपम श्रेष्ठलाई परीक्षणपछिको अध्ययन प्रतिवेदन बुझाएको हो। जिल्ला प्रशासन कार्यालय गोरखाले टल्कने ढुंगाको नमूना परीक्षणका लागि खानी तथा भूगर्भ विभागलाई पत्राचार गरेपछि विभागले भूगर्भविद् डा. भण्डारी र दुर्गा बोलाखेको टोली गोरखा पठाएको थियो। अध्ययन टोलीले बरामद गरिएको 'क्वार्ज क्रिस्टल' खानी तथा भूगर्भ विभागलाई उपलब्ध गराउन पनि प्रतिवेदनमार्फत सुझाव दिएको छ। खानी तथा खनिज पदार्थ ऐन २०४२ को दफा २५ को उपदफा १ अनुसार खनिज कार्य गर्ने अनुमति नलिई उत्खनन् तथा संकलन गरिएकाले उक्त पत्थर विभागलाई उपलब्ध गराई सहयोग गर्न पत्रमार्फत आग्रह गरिएको छ।

गएको असार १४ गते प्रहरीले उक्त टल्कने ढुंगा सतिपिपलस्थित स्थानीयवासी राममाया शाहीको घरबाट बरामद गरेको थियो। टल्कने ढुंगा वर्षौंदेखि शाही परिवारले घरमा राखेर पूजा गर्दै आएको पाइएकाले उक्त ढुंगा गोरखकाली मन्दिर या गोरखनाथ मन्दिर परिसरमा राख्न गोरखाका विभिन्न संघसंस्थाले प्रशासनसँग माग गर्दै आएका छन्। टल्कने ढुंगा ऐतिहासिक महत्त्वको भएको हुनसक्ने भन्दै गोरखा दरबार परिसरमा प्रणप्रतिष्ठा गरी व्यवस्थापन गनुपर्नेमा संघसंस्थाको जोड छ। पूजाआजा र धर्मकर्ममा प्रयोग गरिरहेको बल्ने शिला कुनै पनि बहानामा गोरखा जिल्लाबाहिर नपठाई मूलधनीको इच्छाअनुसार गोरखकाली र गोरखनाथको पवित्र भूमिमा राख्नुपर्ने स्थानीयवासीको पनि भनाइ रहेको छ।

गोरखा नगरपालिका प्रमुख कृष्णबहादुर रानामगरले विभागको टोलीसँगको भेटमा ऐतिहासिक र धार्मिक हिसाबले उक्त पत्थरलाई गोरखामै राख्ने व्यवस्था मिलाउन आग्रह गरे। उनले टल्कने ढुंगा गोरखामा राख्नका लागि नगरपालिकाले सरकारलगायतका अन्य सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्नेसमेत बताएका छन्। *रासस*


हाईड्रो होल्डिङ्स् लिमिटेड
को
**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः श्रावण २६,२०८०**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति श्रावण २५, २०८० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पुर्ण शेयर धनी महानुभावहरुलाई अनुरोध गर्दछौ।

**तपशिल**

**वार्षिक साधारण सभाहुने मिति, समय र स्थान :**
मिति : भाद्र १४, २०८०।
समय : दिनको ३:०० बजे।
स्थान : कम्पनीको कार्यालय, का.म.न.पा. ३१, काठमाडौं।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु :**
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२) आ.व.२०७९/०८० को लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
३) आ.व.२०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४) कम्पनीको संचालक समितिलाई ऐनको दफा ९१ बमोजिमको सुविधा प्रदान गर्ने सम्बन्धमा।
५) संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा।
६) विविध।

HYDRO HOLDINGS LIMITED
संञ्चालक समिति
हाईड्रो होल्डिङ्स् लिमिटेड



प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड
को
**छैटौ वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः श्रावण २६,२०८०**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति श्रावण २५, २०८० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको छैटौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौ।

**तपशिल**

**वार्षिक साधारण सभाहुने मिति, समय र स्थान :**
मिति : भाद्र १४, २०८०।
समय : बिहान ०७:०० बजे।
स्थान : कम्पनीको कार्यालय, वीरगंज म.न.पा. ३२, पर्सा।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु :**
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२) आ.व.२०७९/०८० को लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
३) आ.व.२०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४) कम्पनीको संचालक समितिलाई ऐनको दफा ९१ बमोजिमको सुविधा प्रदान गर्ने सम्बन्धमा।
५) संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा।
६) विविध।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
PRABHU प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड



## सूचना ! सूचना !! सूचना !!!

यस **एस.आर.ड्रग्स ल्याबोरोटोरिज प्रा.लि.** बाट उत्पादित निम्नानुसारका औषधिहरू को आ.व.२०८०/८१ को लागि बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रियस्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। यदि यी औषधिहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा यस कम्पनीको आधिकारिक बिक्रेता **श्री सन्देश मेडिसिन सप्लायर्स.** बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ।

E-mail: sandeshmedicine2077@gmail.com , Ph : 091-527720/9824636783


## S.R. DRUG LAB PVT. LTD. PRODUCT & RATE LIST 2080/81

| S.N | BRAND NAME | Generic Name | PACK | MRP per tab / cap/phile |
|---|---|---|---|---|
| 1 | ACIDIN 150 TAB (25X10) | Ranitidine HCl 150mg | 10X25 | 2.00 |
| 2 | ACIV 200 TAB (10X5) | Acyclovir USP 200mg | 5 X10 | 11.00 |
| 3 | ACIV CREAM 5GM | Acyclovir BP 5% W/W in Cream base | 5 gm | 70.00 |
| 4 | ALIN 10 TAB (10X20) | Amitriptyline HCL IP 10mg | 10x20 | 2.40 |
| 5 | ALIN 25 TAB (10X20) | Amitriptyline HCL IP 25mg | 10x20 | 3.80 |
| 6 | AM-CLAV 625 TAB(10X10) | CO-AMOXYCLAV 625 mg TAB | 10X10 | 50.00 |
| 7 | ANGILOK 10 TAB (10X10) | Amlodipine Besylate 10mg | 10x10 | 8.00 |
| 8 | ANGILOK 2.5 TAB (10X10) | Amlodipine Besylate 2.5mg | 10x10 | 2.30 |
| 9 | ANGILOK 5 TAB (10X10) | Amlodipine Besylate 5mg | 10x10 | 5.00 |
| 10 | ANGILOK-AT TAB (10X10) | Amlodipine Besylate 5 mg + Atenolol 50 mg | 10 x 10 | 7.00 |
| 11 | ASPICARD 150 TAB (10X10) | Aspirin 150 mg | 10x10 | 2.00 |
| 12 | ASPICARD 75 TAB (10X25) | Aspirin 75 mg | 10x25 | 1.20 |
| 13 | ATOVAST 10 TAB (10X10) | Atorvastatin 10mg | 10x10 | 10.78 |
| 14 | AZIFAST 250 TAB (6X5) | Azithromycin 250mg | 6x5 | 17.45 |
| 15 | AZIFAST 500 TAB (20X5) | Azithromycin 500mg | 20 x 5 | 30.00 |
| 16 | AZIFAST DS SUSP. 15ML(200MG/5ML) | Azithromycin 200mg/5ml | 15 ml | 75.00 |
| 17 | AZIFAST SUSPENSION 15ML (100MG/5ML) | Azithromycin 100mg | 15 ml | 55.00 |
| 18 | BETAMETH-G CREAM 20GM | Betamethasone Dipropionate USP 0.64 mg & Gentamicin 1 mg | 20gm | 100.00 |
| 19 | BETATEN 50 TAB (10X10) | Atenolol 50 mg | 10x10 | 3.00 |
| 20 | BICO-Z CAP (20X10) | B-Complex Capsule with Zinc | 10X20 | 5.00 |
| 21 | BICO-Z DROPS 15ML | B-Complex drop | 15 ml | 50.00 |
| 22 | BICO-Z SYRUP 100ML | B-Complex Syrup with Zinc | 100ml | 80.00 |
| 23 | BICO-Z SYRUP 200ML | B-Complex Syrup with Zinc | 200ml | 130.00 |
| 24 | BRONCOSAL SYRUP 100ML | Salbutamol 2mg + Bromohexine HCl 5mg | 100 ml | 70.00 |
| 25 | BUFEMOL SUSPENSION 50ML | Paracetamol IP 125mg + Ibuprofen IP 100mg/5 ml Susp. | 60ml | 32.00 |
| 26 | BUFEMOL TAB (10X25) | Ibuprofen 400mg + Paracetamol 325mg | 10X25 | 2.00 |
| 27 | C-CARE 500 CHEWABLE TAB (10X10) | Vitamin C Chewable Tablet | 10x10 | 6.00 |
| 28 | CHLORFEN TAB (50X10) | Chlorpheniramine Maleate 4 mg | 10x50 | 1.20 |
| 29 | CIFLOQUIN 250 TAB (10X10) | Ciprofloxacin HCl 250mg | 10x10 | 5.00 |
| 30 | CIFLOQUIN 500 TAB (10X10) | Ciprofloxacin HCl 500mg | 10x10 | 8.00 |
| 31 | CLOBETASOL-G CREAM 20GM | Clobetasol Propionate USP-0.05 % w/w + Gentamycin Sulphate 0.1% w/w | 20gm | 110.00 |
| 32 | CLOBETASOL-N CREAM 10GM | Clobetasol Propionate USP-0.05 % w/w + Neomycin Sulphate equi to Neomycin Sulphate 0.5% w/w + Chlorocresolip 0.1% w/w Cream | 10gm | 75.00 |
| 33 | CLOMAZOLE CREAM 15GM | Clotrimazole 10 mg | 15 gm | 150.00 |
| 34 | CLOVE OIL 5ML | Clove Oil 5ml | 5 ml | 35.00 |
| 35 | CLOXIN 250 CAP (10X10) | Cloxacillin Sodium 250mg | 10x10 | 6.50 |
| 36 | CLOXIN 500 CAP (10X10) | Cloxacillin Sodium 500mg | 10x10 | 10.00 |
| 37 | COLDAREST TAB (10X25) | Anticold (Paracetamol 500mg + Chlorpheniramine Maleate 4mg + Phenylephrine HCl 10mg) | 10x25 | 3.00 |
| 38 | CONAZOL 150 CAP (1X25) | Fluconazole 150mg | 1X25 | 24.00 |
| 39 | Cordcare GEL 3 GM | Chlorhexidine Gluconate | 3 GM | 28.00 |
| 40 | Cotricide DS tab | Cotrimoxazole (Sulphamethoxazole 800mg + Trimethoprim 160mg) | 10X25 | 3.20 |
| 41 | Cotricide Susp 60ml | Cotrimoxazole (Sulphamethoxazole 200mg + Trimethoprim 40mg) | 60ml | 36.00 |
| 42 | Cotricide tab | Cotrimoxazole (Sulphamethoxazole 400mg + Trimethoprim 80mg) | 10X25 | 1.76 |
| 43 | DERMCALM LOTION 100ML | Calamine IP 15% W/v + Camphor BP 0.1 % w/s +Diphenhydramine Hydrochloride IP 1% w/v +Zinc Oxide IP 5%w/v + Denatured Spirit 2.37% v/v | 100 ml | 100.00 |
| 44 | DERMCALM LOTION 30ML | Calamine IP 15% W/v + Camphor BP 0.1 % w/s +Diphenhydramine Hydrochloride IP 1% w/v +Zinc Oxide IP 5%w/v + Denatured Spirit 2.37% v/v | 30 ml | 55.00 |
| 45 | DERMCALM LOTION 60ML | Calamine IP 15% W/v + Camphor BP 0.1 % w/s +Diphenhydramine Hydrochloride IP 1% w/v +Zinc Oxide IP 5%w/v + Denatured Spirit 2.37% v/v | 60 ml | 70.00 |
| 46 | DICFEN GEL 30GM | Diclofenac Diethylamine 1% w/w | 30 gram | 150.00 |
| 47 | DICFEN TAB (25X10) | Diclofenac Sodium 50mg | 10X25 | 3.00 |
| 48 | FENAC 100 TAB (10X25) | Aceclofenac BP 100 mg | 10X25 | 4.50 |
| 49 | FOLIUM TAB (25X10) | Folic Acid | 25X10 | |
| 50 | FRUSEM TAB (10X10) | Frusemide 40 mg | 10X10 | 1.00 |
| 51 | GERMIDINE SOLUTION 450 ML | Povidone Iodine | 450 ml | 350.00 |
| 52 | GERMIDINE SOLUTION 500 ML | Povidone Iodine | 500 ml | 350.00 |
